विष्णुपुर गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

विष्णुपुर, सप्तरी

मधेश प्रदेश, नेपाल

## सूचना प्रविधि अधिकृत (IT Officer) सेवामा पदपूर्ति सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति २०८३/०५/३०

प्रस्तुत विषयमा भूमि व्यवस्था, सहकारी, संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम (PLGSP) अन्तरगत यस गाउँपालिकालाई १ (एक) जना सूचना प्रविधि अधिकृत (IT Officer) पदमा सेवा करारमा पदपूर्ति गर्नु पर्ने भएको हुँदा इच्छुक उम्मेदवारले यस कार्यालयमा उपलब्ध फाराम भरी आवेदन पेश गर्नु हुन सम्बन्धीत सबैको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| सि.नं. | विज्ञापन नं. | पद | तह | माँग संख्या | परिक्षा दस्तुर |
|---|---|---|---|---|---|
| १ | १/२०८३/०८४ | सूचना प्रविधि अधिकृत (IT Officer) | सातौं | १ (एक) | १०००/- |

(१) आवश्यक न्यूनतम शैक्षिक योग्यता :

(क) लोकसेवा आयोगले लिने कम्प्युटर अधिकृत पदको न्यूनतम योग्यता वा मान्यता प्राप्त शिक्षण संस्थाबाट Computer वा Information Technology वा सो सरह विषय मध्ये कुनै एक विषय लिई स्नातक (BIT, BIM, BBIS, BCA, BCIS, BICT, BEIT, BSc CSIT, BE Electronics and Communication Engineering, B-Tech Electronics and Communication Engineering) को उपाधि हासिल गरेको ।

(ख) यदि नेपाल बाहिरको प्रमाण-पत्र भए मान्यता प्राप्त विश्वविद्यालयबाट समकक्षता निर्धारण (equivalence) को प्रमाण-पत्र ।

(ग) सम्बन्धीत क्षेत्रमा कार्य अनुभव भएको प्रमाण-पत्र ।

(२) दरखास्त दिने स्थान : विष्णुपुर गाउँपालिकाको कार्यालय, विष्णुपुर, सप्तरी ।

(३) उमेरको हद : दरखास्त दिने अन्तिम दिन सम्ममा २१ वर्ष पुरा भई ३५ वर्ष ननाघेको (महिलाको हकमा ४० वर्ष)

(४) आवेदन साथ संलग्न गर्नु पर्ने कागजातहरु : आवेदक स्वयंमले प्रमाणित गरेको देहाय बमोजिमको कागजातहरुको प्रतिलिपी ।

(क) कार्यालयबाट उपलब्ध आवेदन फाराम ।

(ख) नेपाली नागरिकताको प्रतिलिपी ।

(ग) शैक्षिक योग्यताको प्रमाण पत्रको प्रतिलिपी ।

(घ) काम सँग सम्बन्धित अनुभव भए सोको कागजांत ।

(ङ) हाल सालै खिचेको पासपोर्ट साईजको फोटो -३ प्रति ।

(च) परिक्षा दस्तुर तिरेको नगदी रसिद ।

(५) परिक्षाको किसिम : प्रारम्भिक योग्यताक्रमको सूची प्रकाशन, लिखित परिक्षा, प्रयोगात्मक तथा अन्तरवार्ता परिक्षा ।

(६) पारिश्रमिक तथा सेवा सुविधा : नेपाल सरकारले तोकेको रा.प. तृतिय श्रेणीको आधारभूत तलब सरह ।

(७) कार्य विवरण : प्रादेशिक तथा स्थानीय शासन सहयोग कार्यक्रममा उल्लेख भए बमोजिमका कार्यहरु ।

(८) आवेदन दिने अन्तिम मिति : यो सूचना प्रकाशन भएको मितिले ७ औं दिन भित्र ।

(९) दरखास्त दस्तुर : विष्णुपुर गा.पा.को आन्तरिक राजश्व खाता नं.- २६३०२४७२००५६०००० ६ कुमारी बैंक लिमिटेडमा जम्मा गरी सोको सक्कलै भौचर दरखास्त साथ पेश गर्नु पर्नेछ । साथै कार्यालयमा नगदै रकम तिरी नगदी रसिद समेत पेश गर्न सकिने छ ।

अन्य :

(क) भविष्यमा सरकारी सेवा निमित्त अयोग्य ठहरिने गरि सेवाबाट बर्खास्त नभएको ।

(ख) प्रचलित कानून बमोजिम अयोग्य नभएको ।

(ग) यस सूचनामा उल्लेख नभएको कुराहरुको हकमा यस कार्यालयको निर्णय अन्तिम हुनेछ ।

(घ) आवेदन फाराम यस गाउँपालिकाको सूचनामा तोकिएको परिक्षा दस्तुर तिरी प्राप्त गर्न सकिने छ ।

(ङ) माथि उल्लेखित पदको सन्दर्भमा नेपाल सरकारबाट ऐन, नियम, कार्यविधी र निर्देशिकामा प्रचलित व्यवस्था भए बमोजिम हुनेछ ।

प्रमुख प्रशासकीय अधिकृत